नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

प्राविधिक परीक्षक तालिम सञ्चालन गर्न

## सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना

**सूचना नं.**NVC/TAT-02

**(दोस्रो पटक प्रकाशित मिति २०७९/०७/०४)**

यस केन्द्रको चालु आ.व. २०७९।०८० को स्विकृत वार्षिक कार्यक्रम अनुसार २१ औं व्याचको देहायका कार्य/तालिम सञ्चालन गर्ने संस्था फर्महरुबाट गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक तालिम सञ्चालन गर्ने संस्था तथा फर्महरुबाट रितपूर्वकको प्राविधिक तथा आर्थिक प्रस्ताव बेग्लाबेग्लै खाममा स्पष्ट लेखी सिलबन्दी गरी दुवै प्रस्ताव अर्को खाममा सिलबन्दी गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) प्रस्ताव सम्बन्धी फारामहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस केन्द्रको वेवसाइट www.nvc.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

२) प्राविधिक परीक्षक तालिम सञ्चालन गर्न इच्छुक संस्था तथा फर्महरुबाट रितपुर्वक प्रस्ताव फाराम भरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १६ औ दिनको १२ बजे सम्ममा यस केन्द्रको प्राविधिक परीक्षण महाशाखामा दर्ता गराउन सकिनेछ । प्रस्ताव दर्ता गर्नको लागि अद्यावधिक गरिएका इजाजत पत्र (फर्मको हकमा मात्र), VAT दर्ताको प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नेपाल सरकारको अर्ध स्वामित्वमा रहेका सङ्घ संस्थाहरुको हकमा कर चुक्ता र भ्याट दर्ता हुन नपर्ने भए सो व्यहोरा खुल्ने पत्र साथ प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ । यसरी दर्ता हुन आएका प्रस्तावहरु मध्ये प्राविधिक प्रस्ताव मात्र सोही दिनको १३:०० बजे प्रस्तावक वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ ।

३) प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट सो कार्य गरिनेछ ।

४) प्राविधिक प्रस्तावहरुको मूल्याङ्कनबाट छनौट भएका संस्था तथा फर्महरुको आर्थिक प्रस्तावहरु निजहरुको प्रतिनिधी तथा यस केन्द्रका प्रतिनिधीको रोहवरमा खोलिनेछन् ।

५) संस्था तथा फर्म वा निजको प्रतिनिधी उपस्थित नभए तापनि प्रस्तावहरु खोल्न भने बाधा पर्ने छैन ।

६) रीत नपुगेका वा म्याद भित्र दर्ता नभएका वा कुनै प्रकारको शर्त भएका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन ।

७) आर्थिक प्रस्तावहरुमा दररेट अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मात्र मान्यता दिईनेछ ।

८) प्राविधिक प्रस्तावमा अध्यापन, प्रशिक्षण टोलीमा संलग्न हुने सबै जनशक्तिको हालैको स्वीकारोक्ती सहितको व्यक्तिगत विवरण (Curriculum Vitae) सम्बन्धित विज्ञ र संस्था वा फर्मले सहि गरी समावेश गर्नु पर्नेछ ।

९) यो सूचनामा उल्लेख नभएको हकमा RFP Document, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१०) प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ ।

११) प्रथम पटक मिति २०७९।०५।२८ को सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचनामा संलग्न RFP Document बमोजिम प्रस्ताव फाराम भरी पेश गर्नुपर्नेछ ।

१२) अन्य केहि कुरा बुझ्नु परेमा केन्द्रको प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा वा फोन नं. ०१-४२११९४८/४२००३५० बाट बुझ्न सकिनेछ ।

| क.सं. | कन्ट्रयाक्ट प्याकेज | कार्य | स्थान | लागत इष्टिमेट (भ्याट बाहेक) |
|---|---|---|---|---|
| ज्ञ | NVC/TAT/ 079/080-01 | प्राविधिक परीक्षक तालिम सञ्चालन कार्य | काठमाडौं | रु ८,९४,४००।-<br>(आठ लाख चौरानब्बे हजार चार सय मात्र) |